# स्वतः प्रकाशन

## ( Proactive Discloser)

(आर्थिक वर्ष २०७९।८० को पुष मशान्तसम्म)

(सूचनाको हकसम्वन्धी ऐन २०६४ को दफा ५(३) र सुचनाको हक सम्वन्धी नियमावली २०६४ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)

सुनवल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

सुनवल, नवलपरासी(वर्दघाट सुस्ता पश्चिम)

## १. नगरपालिकाको संक्षिप्त परिचय :

### १.१ ऐतिहासिक पृष्ठभूमि, तथा विशेषता :

यस नगरपालिकाको नाम सुनवल नै किन रहयो भन्नेबारे ऐतिहासिक लेख नभएतापनि अग्रजहरुको जनश्रुति अनुसार बर्दगोरीया भन्ने ठाउँमा बाबा अमरनाथ बस्नुहुन्थ्यो र त्यहाँ उहाँले एउटा अमर पोखरीपनि खन्नु भएको रहेछ। बाबा अमरनाथले एउटा साँढेपनि पाल्नुभएको थियो जसलाई उहाँले शिवजीको बाहनको रुपमा पुजेर राख्नु भएको थियो। उक्त साँढेको गलामा एउटा सुनको हार थियो। बाबाले भक्तहरुलाई चोटपटक लागेमा अमरपोखरीमा आएर नुहाउनाले सबै ठिक हुन्छ भन्ने बरदान दिनुभएको थियो। एकदिन साँढे रुपन्देहीको भलुहिमा चरि रहंदा शत्रुहरुले बन्चरोले उसको घांटी काटीदिएछन्। साँढे चाहिँ बर्दगोरियाको पोखरीमा आउने प्रयास गरिरहयो। घांटी काटिएको ठाउँमा टाउको खस्यो र ऐले सुनवल नगरपालिका भएको ठाउँमा उक्त साँढेले लगाएको हार खस्यो र यस ठाउँलाई सुनहार भन्न थालियो। समय बित्दै जाँदा त्यहि सुनहार भन्ने नाम सुनहल भइ अहिले अपभ्रंस भइ सुनवल भएको छ। यसरि नै सुनवल नगरपालिकाको नाम कृषिसंग पनि सम्बन्धित रहेको छ। सुनवलमा सुनजस्तै धानकोबाला फल्ने भएकोले सुनको बाला भन्दाभन्दै सुनवाला भन्न थालियो र त्यहि नाम अपभ्रंस भइ सुनवल भएको आम किम्बदन्ती रहेको छ ।

### १.२ भौगोलिक अवस्थितिः

नेपालको प्रथम बाल मैत्रीपूर्ण नगरपालिकाको रुपमा परिचित यो सुनवल नगरपालिका भौगोलिक हिसावले तराई क्षेत्रमा अवस्थित छ । जसमा नवलपरासी जिल्लाको चुरे क्षेत्रको सानो भाग पनि यस नगरपालिका क्षेत्रमा पर्दछ । यस नगरपालिकाको पूर्वमा सरावल गाउपालिका र बर्दघाट नगरपालिका, नगरपालिका क्षेत्रमा पर्दछ । पश्चिममा रुपन्देही जिल्ला, उत्तरमा गण्डकी प्रदेशको पाल्पा जिल्लाको माथागढी गाउपालिका र नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाको बिनयी त्रिवेणी गाउँपालिका, दक्षिणमा रामग्राम नगरपालिका रहेको छ । विक्रम सम्वत २०७१ साल ज्येष्ठ ४ गते नेपाल सरकारको निर्णय अनुसार साबिकका स्वाठी गाविस र सुनवल आदर्श गाउ विकास समितिलाई मिलाइ स्थानीय निकायको रुपमा साविकको सुनवल नगरपालिका वनेकोमा स्थानीय तहको पुनसंरचना हुँदा नवलपरासी जिल्लाको साविक सुनवल नगरपालिका, रामनगर गाविस र साबिक धुर्कोट गा.वि.स.को वडा नं. ६ मिलाई विक्रम सम्बत २०७३ साल फाल्गुन २७ मा नेपाल राजपत्रमा प्रकाशन गरी स्थानीय तहको रुपमा हालको सुनवल नगरपालिका स्थापना भएको हो । यो नगरपालिका समुद्र सतहबाट १३८ देखि १०२३ मीटरको सतहमा रहनुका साथै यसको क्षेत्रफल १३८.१० वर्ग किलोमीटर रहेको छ । राष्ट्रीय जनगणना २०६८ अनुसार यस नगरपालिकाभित्र ५५,४२४ जनसंख्या र १२,६५८ घरधुरी रहेकामा यस सुनवल नगरपालिकाले वि.स. २०७७ मा स्थानीय स्तरमा गरेको गणना अनुसार यस नगरपालिका भित्र १५००० घरधुरी र करिब ७३००० जनसंख्या रहेको देखिएको छ । सो अनुसार सुनवलको जनघनत्व ६०२.२ प्रति वर्ग किलोमिटर रहेको र जनसंख्या वृद्धि दर २.४२ % रहेको छ । राष्टिय जनगणनकाको प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकामा घरधुरी संख्या १५,८७१, परिवार संख्या १७,६८८ र कुल जनसंख्या ७२,६२१( पुरुष ३४,३१४ र महिला ८,३०५) रहेको छ । सुनवलमा हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन लगायतका धर्महरु मान्ने विभिन्न जातजातिका

वासिन्दाहरु रहेका छन् । त्यस्तै, यस नगरपालिकामा ८८.५% नागरिकहरु साक्षर छन् र सबै बालबालिका विद्यालय जान्छन । राज्यको पुनसंरचना पश्चात संपन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित पदाधिकारीहरुवाट विक्रम सम्वत २०७४ असार २५ गते पदवहाली गरी नगरपालिकाको सेवा प्रवाह तथा विकासका गतिविधिहरु कार्यान्वयन भैरहेको छ । सुनवल तराई र नेपालको पहाडी क्षेत्रसँग सीमामा छ । यद्यपि यो नगरपालिका तराईमा अवस्थित भए पनि, यसको पहाडी क्षेत्रमा पनि केही परिवार बसोबास गर्दछन् । मध्यम जनसंख्या भएको यो नगरपालिकाको पचास प्रतिशत भन्दा बढी क्षेत्रमा जंगल रहेको छ । जहाँ धातु, ढुङ्गा जस्ता खनिजहरू छन् । विविध भौगोलिक सुविधाको कारण, सुनवल पर्यटन, आधुनिक र स्वदेशी व्यापार, कृषि, जस्ता सम्भावना बोकेको शहरको रुपमा परिणत हुँदै गएको छ । स्थानीय सरकारको वर्तमान नियन्त्रणले पूर्वाधारको छिटो विकासको सम्भावना बढाएको छ ।

### १.३ हावापानी र भू-उपयोगः

यस नगरपालिकाको हावापानी समष्टिमा समशितोष्ण प्रकारको रहेको छ । यहाँको धरातलीय स्वरूपले पनि हावापानीको प्रभाव दक्षिण पूर्वी मनसूनबाट प्रभावित देखिन्छ। यस शहरको औसत तापक्रम गर्मीमा २८ डिग्री देखि ४३ डिग्री सेल्सियस, र जाडोमा ५ डिग्री सेल्सियस देखि २८ डिग्री सेल्सियससम्म हुने गर्दछ । पहाडी बेल्ट र तराई बेल्टमा वातावरणको विविधता पनि यस क्षेत्रको अर्को प्राकृतिक पहिचान हो । यस नगरपालिकामा जति उत्तर गइन्छ उति नै हावापानीमा केहि अन्तर पाइन्छ भने बार्षिक वर्षा औसतमा २७५ मि.मि. हुन्छ। कृषि उत्पादनको दृष्टिकोणले हेर्ने हो भने यहाँको जमिनको अधिकांश भूभाग समथर हुनाले सो जमिन कृषियोग्य छ । यस नगरपालिकामा खोलानाला तथा पानीको श्रोतहरु रहेकोले सिंचाइको अवस्था पनि सन्तोषजनक रहेको छ । धान, गहुँ, मकै जस्ता खाध्य बालि तथा तोरी, तरकारी र उखु जस्ता नगदे बालीहरु यहाँको प्रमुख खेतीहरु हुन्।

### १.४ ऐतिहासिक, धार्मिक र पर्यटक क्षेत्रहरूः

सुनवल नगरपालिका क्षेत्रका ऐतिहासिक, धार्मिक र पर्यटक क्षेत्रहरूमा बाबा बर्दगोरिया, महल पोखरी, सुनवल हिलपार्क, ऐतिहासिक देवदह ताल, उत्तरायण धार्मिक क्षेत्र, सहिद बिष्णु पाण्डे प्रतिष्ठान, बैरागनाथ मन्दिर, कृष्ण धाम (कृष्णको दामोदर स्वरुपको प्रतिमा), सोमनाथ बाबा, मामीसति सावरिया, ओमेश्वर मन्दिर, खड्कट्टी क्षेत्र, डाकापानी पिकनिक स्थान, स्वाठी पोखरी, बनकट्टी बुद्धको मूर्ति आदि रहेका छन ।

### १.५ मुख्य व्यवसाय क्षेत्रहरुः

यस सुनवल नगरपालिका शहरउन्मुख क्षेत्र हो । यस नगरपालिकाका प्रमुख वजार केन्द्रको रुपमा सुनवल चौराहा, भुमही वजार , स्वाठी , बडेरा, बनकट्टी र अस्नैया, ज्यामिरे रामपुर चौराहा जस्ता वजारहरु रहेका छन ।

### १.६ सामाजिक-सांस्कृतिक अवस्थाः

सांस्कृतिक विविधता सुनवलको एक धेरै महत्त्वपूर्ण पहिचान हो । यहाँ विभिन्न धर्म मान्ने मानिसहरू वसोवास गर्दछन। बाहुन, क्षेत्री, जनजाती, मधेशी यहाँका प्रमुख जातीय समुदाय हुन् । दशैं

तिहार लोसार छठ आदि यहाँका मुख्य पर्वहरु हुन। सुनवलको संगठित विकास प्रकृति र सामाजिक प्रणालीले सधैँ आफ्नो मिशनमा सफलताको संकेत गर्दछ।

## २. सुनवल नगरपालिकाको काम कर्तव्य र अधिकार :

नेपालको संविधानको अनुसुची ८ वमोजिमका एकल अधिकारको सूची र अनुसुची ९ वमोजिमको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची वमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा नगरपालिकाको काम कर्तव्य अधिकार र दफा १२ मा वडा समितिको काम कर्तव्य अधिकार तोकिएको छ ।

## ३. सुनवल नगरपालिकाका शाखा/उपशाखागत तथा वडा सचिवहरुको सम्पर्क विवरण :

### ३.१: सुनवल नगरपालिकाका शाखा/उपशाखागत सम्पर्क विवरण :

| क्र स | शाखाको नाम | शाखा उप शाखा प्रमुखको नाम | पद तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री भक्तिराम मरासिनी मोवाइल नं ९८५७६३८१११ | | | | | |
| १ | प्रशासन योजना तथा अनुगमन शाखा | मोहनराज ज्ञवाली | अधिकृत आठौं | ९८५७०४५६५४ | |
| २ | शिक्षा युवा तथा खेलकुद शाखा | विष्णु प्रसाद गोतामे | अधिकृत दशौं | ९८४१५१२९४० | |
| ३ | स्वास्थ्य तथा सामाजिक विकास शाखा | कृष्ण प्रसाद न्यौपाने | जनस्वास्थ्य अधिकृत( सातौं) | ९८५७०३८३४१ | |
| ४ | आर्थिक प्रशासन शाखा | वृहस्पति घिमिरे | लेखा अधिकृत(सातौं) | ९८६७००२१२४ | |
| ५ | भूमी आयोग | गणेश प्रसाद न्यौपाने | अधिकृत छैठौं | ९८४७४५८४०६ | |
| ६ | राजश्व शाखा | चक्रपाणी भण्डारी | अधिकृत छैठौं | ९८४७१५२२०५ | |
| ७ | आर्थिक विकास शाखा | खेमराज ढकाल | अधिकृत छैठौं | ९८५७०६४४९० | |
| ८ | कृषि विकास शाखा | सन्तोष कण्डेल | कृषि प्राविधिक(छैठौं) | ९८४७२४१२७२ | |
| ९ | पशुसेवा शाखा | मिश्री प्रसाद खडका | अधिकृत छैठौं( पशुसेवा) | ९८५१२४४५३३ | |
| १० | पूर्वाधार विकास शाखा | सन्तोष गैरे | ईन्जिनियर (सातौं) | ९८४१०६२६५९ | |
| ११ | आन्तरिक लेखा परिक्षण शाखा | राजेन्द्र प्रसाद सापकोटा | लेखा परिक्षण अधिकृत( आठौं) | ९८५७०४५२७७ | |
| १२ | भवन तथा वस्ति विकास उपशाखा | | | | |
| १३ | पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा | राधा गौतम | अधिकृत छैठौं | ९८४७०६५४९८ | |
| १४ | प्रशासन उपशाखा/योजना उपशाखा | पुरुषोत्तम ढकाल | अधिकृत छैठौं | ९८४७०२६५६५ | |
| १५ | महिला वालवालिका तथा समाज कल्याण उपशाखा | केशरी देवी गैरे | स.म.वि.नि.(पाँचौ) | ९८४७०८०७९० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | | | | |
| | | | | | |

## ३.२ सुनवल नगरपालिकाका वडा सचिवहरुको सम्पर्क विवरण :

| क्र स | वडा नं. | वडा सचिवको नाम | तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | अमरनाथ कँवर | सहायक पाँचौ | ९८४७२०६६३५ | |
| २ | २ | भीम वहादुर चौधरी | सहायक चौथो | ९८४७४२०५१४ | |
| ३ | ३ | अग्नीधर न्यौपाने | सहायक चौथो | ९८५७०४५२४५ | |
| ४ | ४ | गंगा पाण्डे | सहायक पाँचौ | ९८६७३८४१९० | |
| ५ | ५ | मञ्जु अर्याल | सहायक पाँचौ. | ९८४७२९०६९० | |
| ६ | ६ | जमुना अधिकारी | सहायक पाँचौ | ९८४१९८१२३२ | |
| ७ | ७ | घनश्याम ज्ञवाली | सहायक पाँचौ | ९८४७०८१००४ | |
| ८ | ८ | रमा पाण्डे | सहायक पाँचौ | ९८५७०७०६७१ | |
| ९ | ९ | सुश्मिता पौडेल | सहायक पाँचौ | ९८६७१७६३३५ | |
| १० | १० | रेखा कुमारी गुरुङ | सहायक पाँचौ | ९८४७०१७००४ | |
| ११ | ११ | सुरज पराजुली | कम्प्युटर अपरेटर (चौथो) | ९८४४७३३९३१ | |
| १२ | १२ | कृष्ण वहादुर आले | सहायक चौथो | ९८६७११०५१८ | |
| १३ | १३ | रिता ज्ञवाली | सहायक पाँचौ | ९८४७५१३११२ | |

## ४. सुनवल नगरपालिकावाट सम्पादन भएका मुख्य मुख्य कार्यहरूः

४.१. सुनवल नगरपालिकाको नव निर्वाचित जनप्रतिनिधिहरूको १०० दिनको कार्य प्रगति विवरण सार्वजनिकीकरण : सुनवल नगरपालिकाको नव निर्वाचित जनप्रतिनिधिहरूको १०० दिनको कार्य प्रगति विवरण सार्वजनिक भएको छ । सार्वजनिक प्रतिवेदनको साराँश देहाय वमोजिम रहेको छ :

(क) आ.व.२०७८/७९ को नीति कार्यक्रम तथा बजेटः

- आ.व. २०७८/७९ को कुल बजेट रू. १,३४,३७,३७,७४२.०० मध्ये रू. ८२,०८,२९,४८१.४५ खर्च भई वित्तिय प्रगति ६१.०८ प्रतिशत रहेको । जस मध्ये चालु खर्च तर्फ ७१.८४ प्रतिशत र पूँजीगत तर्फ ५३.४६ प्रतिशत वित्तिय प्रगति रहेको छ ।

(ख) आ.व. २०७९/८० को नीति कार्यक्रम तथा बजेट

- आगामी आ.व. २०७९/८० को कुल बजेट रू. १,१८,१८,६३,७०२.०० रहेकोमा आर्थिक विकास तर्फ रू. १०,४१,६०,१०४.००, सामाजिक विकास तर्फ रू. ४१,८८,५९,००१.००, पूर्वाधार विकास तर्फ रू.

३८,८५,०६,४८७.००, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. ८,३८,३८,०००.०० र कार्यालय संचालन तथा प्रशासनिक तर्फ रू. १६,६३,८८,१००.०० विनियोजन गरिएको छ ।

- निर्धारित समयमै नगरको आवश्यकता र जनताका मागका आधारमा वार्षिक योजना निर्माण कार्य सम्पन्न गरियो ।
- ११ औं नगरसभाले नगरको विकासमा दिर्घकालिन महत्वका निम्नानुसारका योजनाहरू संचालनको निर्णय गरिएको छः
    - नगर प्रमुख महिला उत्थान कार्यक्रम
    - महिला र वालवालिकासँग मेयर कार्यक्रम
    - गरिबसँग उपमेयर कार्यक्रम संचालन
    - नगर प्रमुख छात्रवृति कोष स्थापना
    - उपमेयर आवास बिहिन कार्यक्रम संचालन
    - वडा नं. ८ पचभैयामा प्रदेश सरकारसंगको साझेदारीमा कृषि स्रोत केन्द्र स्थापना
    - ५ वर्षभित्र पूर्ण पोषण सुनिश्चितता गरि सुनवललाई पोषणमैत्री नगरपालिका घोषणा
    - प्राकृतिक चिकित्सा सहितको योग ध्यान केन्द्र स्थापना
    - तिलकानालाई नगरकै नमूना वस्तीको रूपमा विकास
    - धार्मिक तथा पर्यटकिय विकासका लागि सुनवल सर्किट निर्माण
    - विषेश संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका लागि निशुलक आवासयि बिद्यालय स्थापना
    - नगर स्तरमा एक बहुउद्धेश्यीय महिला सीप तथा उद्यम विकास केन्द्र स्थापना
    - ५ वर्ष भित्रमा महिला हिंसामुक्त नगर घोषणा र कार्यान्वयन
    - हिंसा पिडित महिला पुर्नस्थापना केन्द्र (सेफ हाउस) निर्माण
    - २ वटा नमुना होमस्टे सञ्चालन
    - ५ वटा वडाको वडा कार्यालय भवन निर्माण
    - कम्तीमा ३ वटा नमूना सडक निर्माणे
    - नगर चक्रपथ निर्माणका लागि आवश्यक प्रक्रिया प्रारम्भ
    - देवदह तालको सौन्दर्यकरण गरि धार्मिक पर्यटन प्रवद्धन
    - भुमहि खोलादेखि बर्दगोरियासम्म जलाविहारका लागि डिपिआर निर्माण ।
    - सुनवल नगरपालिकालाई बालमैत्री अध्ययन अवलोकन केन्द्रको रूपमा विकास
    - सबै विद्यालयका भौतिक संरचनाहरू बालमैत्री बनाईने
    - सबै विद्यालयहरूमा दण्डरहित शिक्षा र प्रभावकारी बालमैत्री सिकाई पद्धति अवलम्बन गरिने
    - युवा तथा महिलाहरूलाई उद्यमशीलता विकास तालिम
    - संघसंस्था, नागरिक समाजको सहकार्यमा युवामैत्री स्थानीय तह प्रवर्द्धन ।
    - नगरमा कम्तीमा २ वटा नगर स्तरीय सुविधा सम्पन्न कवर्डहल र एक रंगशाला निर्माण गरिने
    - आगामी पाँच वर्षभित्र आधारभूत स्वास्थ्यसेवा निशुल्क गरिने

- प्रसुति हुन एम्बुलेन्स सेवा नगरभित्र, जिल्ला र रूपन्देही सम्म निशुल्क गरिने
- औद्योगिक ग्रामको स्थापना र आद्यौगिक पूवार्धारको विकास गरिने
- कृषि उपज संकलन केन्द्र स्थापना र चिस्यान केन्द्र संचालन गरिने
- हिलपार्क, बसपार्क, अटो भिलेज र पार्किङ स्थल निर्माण,
- खरको छाना रहित नगरपालिका बनाउने अभियान पुरा गरिने छ
- भुमिहिन सुकुम्बासी, अव्यवस्थित र विगतमा पुर्जा वितरण भएका जग्गा सम्बन्धि समस्या समाधान गरिनेछ
- निर्माणाधिन प्रशासकीय भवन निर्माण सम्पन्न गरि नगरको कार्यालय संचालन गरिने
- सेवाग्राही प्रति जिम्मेवार उत्तरदायी, पारदर्शी, सक्षम र प्रविधिमैत्री कर्मचारी संयन्त्रको विकास गरिने
- बिद्यालयका बाल शिक्षिका, कर्मचारी, बालमैत्री र स्वास्थ्य स्वयंसेविकाको मासीक पारिश्रमिक वृद्धि  गरिएको छ।
- सुनवलसंग मिल्दा जुल्दा स्वदेशी र विदेशी नगरहरूसंग भगिनी सम्बन्ध स्थापीत गरिने छ
- न्यायीक समितिद्धारा न्याय सम्पादन निश्पक्ष, विश्वस्निय छिटो पारदर्शि र सर्वशुलभ बनाईने
- एक वन एक बाटिकाः एक वन एक उद्यम कायक्रम संचालन गरिने
- ग्रीन सुनवल क्लीन सुनवल कार्यक्रम संचालन गरि ५ वर्ष भित्र बातावरणमैत्री नगर निर्माण गरिने
- 

१) सुशासन तथा सस्थागत विकास

- नागरिक लाई प्रत्यक्ष लाभ र सुविधा दिने उदेश्यले नगर र  सबै वडा कार्यालयहरूमा नागरिक सहायता कक्षको ब्यवस्था गरि सेवाग्राहीहरूलाई नगर र वडा कार्यालयमा आवश्यक पर्ने फोटोकपी र निवेदन निशुल्क गरेका छौ जसका लागि सबै वडा कार्यालयमा फोटोकपी मेसीन हस्तान्तरण गरिएको छ ।
- कार्यालयका सवारी साधन र उपकरणहरूको ब्यवस्थीत संचालन रेखदेख र मर्मत संभारमा सहजिकरणका लागि  जनप्रतिनिधिको संयन्त्र बनाई जिम्मेवारी दिईएको छ ।
- आन्तरिक आय वृद्धि र प्राकृतिक श्रोतको संरक्षण र सदुपयोगका लागि सरोकारवालाहरूसंग छलफल
- प्राकृतिक साधन र श्रोतको संरक्षण, नदि जन्य वस्तुको चोरी नियन्त्रणका लागि सबै संयन्त्रहरू परिचालन गरिएको छ ।
- विभिन्न मन्त्रालय , विभाग, र दातृ निकाय, संघसंस्थाहरूसंग समन्वय र सहकार्यको आधार तयार गरिएको छ ।
- सामी परियोजना नगरबाटै संचालन गर्ने निर्णय गरी हाल पदपुर्ति प्रक्रिया अगाडी वढाईको छ ।
- नगर क्षेत्रका विभिन्न योजना आयोजनाहरूको नियमित अनुगमन निरिक्षण गरिएको छ ।
- नियमित रूपमा सबै वडा कार्यालयहरूबाट घटना दर्ता सम्बन्धी कार्य सम्पादन भईरहेको छ ।

- नियमित रूपमा सबै वडा कार्यालयहरूबाट सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राहीहरूको नविकरण तथा नयाँ दर्ताको काम सम्पादन भईरहेको छ ।
- नियमित रूपमा सबै वडा कार्यालय मार्फत हुने सबै सिफारीसको कार्य सम्पादन भईरहेको ।
- न्यायिक समितिमा यस १०० दिनको अवधीमा दर्ता हुन आएका २९ वटा उजुरी मध्ये २३ वटा उजुरीहरू मेलमिलापबाट निरूपण गरिएको र ६ वटा उजुरी मेलमिलापको प्रकृयामा रहेको ।
- नगरपालिकाका विभिन्न सूचना, जानकारी लगायतका कार्यक्रमहरू सुनवल नगरपालिकाको फेसबुक पेज हेलो सुनवल, मोबाईल एप र सुनवल नगरपालिकाको वेभ साईट मार्फत सार्वजनिक गरिएको छ ।
- आन्तरिक नियन्त्रणका लागि सबै शाखा तथा उपशाखामा सिसिटिभि क्यामेरा जडान गरी नियमित निगरानी गरिएको ।
- सुनवल नगरपालिकाको आयोजना तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहकार्यमा संघीयता कार्यान्वयन सहजिकरण सम्बन्धी जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखिकरण गरी सुशासन प्रवद्धनका लागि कार्यक्रम संचालन गरिएको छ ।

२) पूर्वाधार विकास

- स्थानीय साधन र श्रोतको ब्यापक परिचालन गरेर २०७९ जेठ चौथो हप्ता नगरका हिलाम्य सडकहरूलाई हिलोमुक्त अभियान संचालन गरि मर्मत संभार गरिएको छ। सो कार्यक्रम अन्तरगत १२.५२ कि.मी. सडक ग्राभेल तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- नगरका बिभिन्न स्थानमा बिघूत ट्रान्सफरमर जडान गरिएको छ । साथै अपुग स्थानका लागि ट्रान्सफरमर, विद्युत तार र पोल उपलब्धताका लागि सम्बन्धित निकायमा प्रकृया अगाडि बढाईएकोछ ।
- गत आ.व. मा विनियोजन भएका पूर्वाधारजन्य योजना तथा कार्यक्रमहरू सम्पन्न भएका तथा अधुरा बहुवर्षिय योजना तथा कार्यक्रमहरूका लागि चालु आ.व. मा समेत बजेटको ब्यवस्था गरिएको ।

३) सामाजिक विकासः

- नगरको खानेपानीको वर्तमान अवस्थाको विस्तृत अध्ययन गरि महिनामा ५ हजार लिटर सम्म पानी प्रयोग गर्ने नगरवासीलाई २०७९ श्रावण १ गतेदेखि पानी महशुल छुट गरेका छौं ।
- अति विपन्न परिवारलाई निशुल्क धारा जडान गर्ने र धारा जडान शुल्क र पानी महशुलमा एकरूपता कायम गर्ने निर्णय गरि कार्यान्वयन गरेका छौ ।
- मृगौला रोगीको उपचारका लागि गौतम बुद्ध मुटु अस्पताल बुटवलसंगको सहकार्यमा सुनवलमा मृगौला डायलाईसिस सेन्टर संचालनको सम्झौता सम्पन्न गरि काम प्रारम्भ भएको छ ।
- भूमिहिन सुकुम्वासी र अन्यवस्थित वसोवासीका समस्या समाधानका लागि भुमि आयोगसंग मार्फत काम शुरू गएिको छ । बिगतका आयोगले संकलन गरेका फारामहरूलाई राष्ट्रिय भूमि आयोग जिल्ला समिति नवलपरासी (ब.सु.प.) संग समन्वय गरी सुनवल नगरपालिका वडा नं. १० का अधुरा तथा प्रकृयामा नआएका फारामहरूलाई ७ दिने सूचना जारी गर्ने कार्य सम्पन्न भई राजश्व निर्धारण गरी जग्गा धनि दर्ता प्रमाण पुर्जा वितरणका लागि अन्तिम चरणमा रहेको ।

- सुनवल नगरपालिका भित्र करिब १४ कि.मी. पूर्व पश्चिम राजमार्ग रहेको र सो राजमार्ग संघीय सरकारबाट स्तरोन्नतीका लागि ठेक्का बन्दोबस्त भई काम अगाडि बढेको अवस्थामा सो सडकमा नगरपालिकाले कुनै किसिमको लगानी गर्न वा मर्मत, निर्माण सम्बन्धी काम गर्न नमिल्ने हुँदा नगरको पहलमा जनतालाई परेको समस्या समाधानका लागि निर्माण कम्पनी र सरोकारवाला सबै निकायसंग पटक पटक बैठक, छलफल गरी सहज आवागमनका लागि समयमा मर्मत गर्न लगाईएको, मुख्य बजार सुनवलमा सर्भिसलेन र साईड ड्रेनको डिजाईनका कारण घरहरू सडक भन्दा तल पर्दा समस्या देखिएकाले सो डिजाईन परिवर्तन गर्न लगाई काम अगाडि बढाईएको छ ।
- यस अवधीमा विपन्न नागरिकलाई २ वटा आवास निर्माण गरिएको छ ।
- नगरका करीव ५ हजार जेष्ठ नागरिकहरूको घरदैलोमै गई स्वास्थ्य परिक्षण र औषधि उपचार गर्ने कार्य शुरू गरिएको छ ।
- हिन्दु नारीहरूको महान चार्ड हरितालिका तीजको अवसरमा तीज मिलन कार्यक्रम भएको ।
- सुनवल नगरपालिका वडा नं. ११ स्थित बाबा बर्दगोरिया धाम तुल्सीराम संस्कृत गुरूकुल विद्यालय स्थापना भएको छ ।
- सुनवल नगरपालिका स्थित सबै विद्यालयहरूको स्थलगत अनुगमन निरीक्षण गरी विद्यार्थीहरूले खाने दिवा खाजाको गुणस्तर सुधारका लागि निर्देशन दिईएको छ ।
- विभिन्न अभिमुखिकरण कार्यक्रम संचालन गरी चालु आ.व. को नीति तथा कार्यक्रम अनुरूप कार्यक्रम संचालनका लागि आधार तयार गरिएको छ ।
- आर्थिक रूपमा कमजोर भएका विपन्न बालबालिकाहरूलाई आर्थिक सहयोगको ब्यवस्था गरिएको छ ।
- कोभिड १९ विरूद्धको खोप नियमित रूपमा संचालन भई रहेको छ ।
- डेंगु ज्वरो नियन्त्रणका लागि लार्भा खोज र नष्ट गर अभियान टोल, वडा तथा नगर स्तरमा संचालन भईरहेको र सो सम्बन्धी अभिमुखिकरण, छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- पोषण कार्यक्रम तर्फ १००० दिनका आमाहरूका लागि कुखुराको चल्ला, अण्डा, फलफूलका बिरूवा तथा हजारी वितरण गरिएको छ ।
- भवन तथा बस्ती विकास तर्फ यस १०० दिनको अवधीमा ८२ वटा घर निर्माण तथा नियमित सम्बन्धी अनुमति प्रदान भएको ।

४) आर्थिक विकास

- शितभण्डार निर्माण सम्पन्न गरी संचालनमा ल्याउन प्रकृया अगाडि बढाईएको छ ।
- कृषिलाई ब्यवसायीकरण गर्ने र पढ्दै कमाउदै कार्यक्रम संचलानका लागि पुर्व तयारी स्वरूप अभिमुखिकरण सम्पन गरि योजना निर्माण प्रक्रिया अगाडी बढेको छ ।

- नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन बाँझो जमिनमा खेति गर्न मन्त्रालयसंगको सहकार्यमा कार्य अगाडि बढाईएको छ ।
- यस १०० दिनको अवधीमा रू. १,९३,९२,१५३.९८ राजश्व असुली भएको र आन्तरिक श्रोत वृद्धिका लागि राजश्व सुधार कार्ययोजना लागू गरिएको छ ।

५) वनवातावरण तथा विपद् व्यवस्थापन

- बर्षौदेखि पानी निकासको उपयुक्त व्यवस्था नभएका कारण डुवानमा परेका बस्तीहरूमा नगरपालिकाका साधनहरू प्रयोग गरि न्यूनतम खर्चमा पानी निकासको व्यवस्था मिलाई डुवानबाट वचाईएको छ ।
- नदि नियन्त्रणको समस्या तत्काल समाधानका लागि अति जोखिम भएका स्थानहरूको पहिचान गरी भर्लावास खोला, पानभार खोला, भुमही खोला लगायतका खोलाहरूमा डाइभरसन (नदिको वहाव परिवर्तन) गरिएकोछ ।

६) अन्य अभियानमूखि कार्यक्रमः

- सुनवल नगरपालिकाको आयोजनामा सरोकारवालाहरूसंग रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- सुशासन र समृद्धि, सामूदायिक बनमा उद्यम र उद्यमी नाराका साथ सुनवल नगरपालिका वन वातावरण तथा बिपद व्यवस्थापन समिति र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल नगर महासंघ सुनवलको संयुक्त आयोजनामा सामुदायिक बन दिवसको अवसरमा सामुदायिक वनका सफलता, चुनौति र स्थानीय सरकारसंग सहकार्य विषय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- हिंसा नियन्त्रण, सामुदायिक वन विकास र संरक्षण, दैबि प्रकोप उद्दार, रोजगारी श्रृजना, बालमैत्री स्थानीय शासन, महामारी नियन्त्रण, पोषणमैत्री पालिका निर्माण लगायतका विषयमा अभियानमुखि कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

**४.२. आर्थिक वर्ष २०७८।७९ को वार्षिक समिक्ष सम्पन्न** : सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रगती समिक्षा सम्पन्न भएको छ ।

**४.३. आर्थिक वर्ष २०७९।८० को सार्वजनिक सुनुवाई सम्पन्न** : सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रगती समिक्षा सम्पन्न भएको छ ।

**४.२. आर्थिक वर्ष २०७९।८० को वार्षिक विकास कार्यक्रमहरु कार्यान्वयनमा** : सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनमा रहेको छ । पूर्वाधारका योजनाहरु सम्झौता भई कार्यान्वयनमा रहेको छ । सम्पन्न योजनाहरुको भुक्तानी भैरहेको, विभिन्न विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरु, प्रदेश सरकार तथा संघीय सरकारका योजनाहरु कार्यान्वयनमा रहेको छ ।

**५. सुनवल नगरपालिकाको आ.व. २०७९।८० को पौष मशान्त सम्मको आय व्यय विवरण :**

**आन्तरिक आय विवरण :**

| शीर्षक | आ.व. २०७९/८० कोआन्तरिक आय अनुमान | २०७९ **पौष** सम्म | लक्ष्यसँगकोतुलना (प्रतिशतमा) |
|---|---|---|---|
| सम्पत्तिकर तथा भूमीकर | २५,०००,०००.०० | १२,४४६,४१७.३३ | ४९.७९ |
| घर/जग्गाबहाल कर | १०,०००,०००.०० | ३,५३१,४८८.५६ | ३५.३१ |
| बहालविटौरी कर | ५,०००,०००.०० | १,९०७,११७.०० | ३८.१४ |
| व्यवसायकर | ७,०००,०००.०० | २,८८३,७९३.३३ | ४१.२० |
| अन्यकर | १,०००,०००.०० | १,७५१,१९५.०० | १७५.१२ |
| अन्यविक्रीबाट प्राप्त रकम | ५५,०००,०००.०० | – | – |
| अन्यसेवा शुल्क तथा विक्री | ३,०००,०००.०० | ६७,८४२.०० | २.२६ |
| नक्सापास दस्तुर | १०,०००,०००.०० | ७८१,७५०.४३ | ७.८२ |
| सिफारीसदस्तुर | १५,०००,०००.०० | ५,००५,२२८.२० | ३३.३७ |
| नाताप्रमाणित दस्तुर तथा व्यक्तिगत घटना दर्ता दस्तुर | ५००,०००.०० | ४८७,३०४.०० | ९७.४६ |
| अन्यदस्तुर, प्रशासनिक दण्ड जरिवाना समेत | ७,०००,०००.०० | १,९९९,६८१.५३ | २८.५७ |
| अन्यराजश्व | १,५००,०००.०० | ८६६,७०९.०० | ५७.७८ |
| जम्मा | १४०,०००,०००.०० | ३१,७२८,५२६.३८ | २२.६६ |

# आय व्यय विवरण :

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी
कार्यालयको कोड : ८०५४७४०३३००

आय व्ययको विवरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०७९/१०/१८

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४९,६९,६८,०००.०० | २६,१६,४७,७६५.०० | ५२.६५ | २३,५३,२०,२३५.०० |
| १३३११ समानिकरण अनुदान | १८,०९,००,०००.०० | ९,१४,१८,०००.०० | ५०.५४ | ८,९४,८२,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २४,३७,६८,०००.०० | १३,७१,५०,७६५.०० | ५६.२६ | १०,६६,१७,२३५.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,३३,००,०००.०० | १,४६,६१,०००.०० | ४४.०३ | १,८६,३९,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | २,५०,००,०००.०० | १,२९,१३,०००.०० | ५१.६५ | १,२०,८७,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ९०,००,०००.०० | ५५,०५,०००.०० | ६१.१७ | ३४,९५,०००.०० |
| १३३१८ अन्य अनुदान चालु | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| प्रदेश सरकार | ५,२२,८१,०००.०० | १,८१,००,०००.०० | ३४.६१ | ३,४१,८१,०००.०० |
| १३३११ समानिकरण अनुदान | १,०२,८१,०००.०० | ५०,००,०००.०० | ४८.६३ | ५२,८१,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,५०,००,०००.०० | ५६,००,०००.०० | ३७.३३ | ९४,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,०००.०० | ३५,००,०००.०० | ५० | ३५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,००,००,०००.०० | ४०,००,०००.०० | २० | १,६०,००,०००.०० |
| राजस्व बाडफाड | २२,१२,६८,०००.०० | ५,००,६७,९९६.१६ | २२.६३ | १७,१२,००,००३.८४ |
| १४३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६,८०,००,०००.०० | १,६०,१७,०१७.०० | २३.५५ | ५,१९,८२,९८३.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १३,१७,६८,०००.०० | २,८५,८३,४४४.४४ | २१.६९ | १०,३१,८४,५५५.५६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,१५,००,०००.०० | ५४,६७,५३४.७२ | २५.४३ | १,६०,३२,४६५.२८ |
| अन्तरिक श्रोत | ४१,१३,४६,७०२.०० | ०.०० | ० | ४१,१३,४६,७०२.०० |
| ११३१३ एकीकृत सम्पती कर | २,५०,००,०००.०० | ०.०० | ० | २,५०,००,०००.०० |
| ११३२१ घरवहाल कर | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| ११३२२ वहाल विटौरी कर | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| ११६९१ अन्य कर | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५,५०,००,०००.०० | ०.०० | ० | ५,५०,००,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५१,९४,९०,३४३.०० | २०,७८,२८,२३३.०३ | ४०.०१ | ३१,१६,६२,१०९.९७ |
| २११११ पारिश्रमिक कर्मचारी | २१,९९,२५,०००.०० | ११,८८,४९,९०१.८८ | ५४.०४ | १०,१०,७५,०९८.१२ |
| २११२१ पोशाक | १२,३०,०००.०० | ०.०० | ० | १२,३०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | २,००,०००.०० | ५,०००.०० | २.५ | १,९५,०००.०० |
| २११३१ स्थानीय भत्ता | ३९,०००.०० | ०.०० | ० | ३९,०००.०० |
| २११३२ महंगी भत्ता | ३०,००,०००.०० | ४,७४,०००.०० | १५.८ | २५,२६,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७९,००,०००.०० | २४,२०,८४६.१५ | ३०.६४ | ५४,७९,१५३.८५ |
| २११३९ अन्य भत्ता | ४०,५०,०००.०० | १९,९९,१५०.०० | ४९.३६ | २०,५०,८५०.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २,००,००,०००.०० | ७७,०३,०००.०० | ३८.५२ | १,२२,९७,०००.०० |
| २२१११ पानी तथा बिजुली | १५,००,०००.०० | ६,८१,२९४.०० | ४५.४२ | ८,१८,७०६.०० |
| २२११२ संचार महसुल | २५,०७,०००.०० | २,२०,६९१.०० | ८.८ | २२,८६,३०९.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ७,३५,०००.०० | ३०,०००.०० | ४.०८ | ७,०५,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४५,००,०००.०० | ३४,९८,७५८.०० | ७७.७५ | १०,०१,२४२.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १५,००,०००.०० | ८,८२,६४९.०० | ५८.८४ | ६,१७,३५१.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १३,००,०००.०० | ६,९९,९४०.०० | ५३.८४ | ६,००,०६०.०० |
| २२२२१ मेशिनरी तथा ओजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १५,९६,०००.०० | ४,६०,८५५.०० | २८.८८ | ११,३५,१४५.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ९,५०,०००.०० | ९४,२६०.०० | ९.९२ | ८,५५,७४०.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १०,००,०००.०० | ४,६९,२५५.०० | ४६.९३ | ५,३०,७४५.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३७,००,०००.०० | ८,९९,७८१.०० | २४.३२ | २८,००,२१९.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,४४,८०,०००.०० | ५७,२८,०६७.०० | ३९.५६ | ८७,५१,९३३.०० |

# सुनवल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, नवलपरासी
कार्यालयको कोड : ८०५४७४०३३००

### आय व्ययको बिबरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०७९/१०/१८

**आय**

| | | | | |
|---|---|---|---|---|
| तथा बिक्री | | | | |
| १४२४२ नक्सापास दस्तुर | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | १,५०,००,०००.०० | ०.०० | ० | १,५०,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| १४५२९ अन्य राजस्व | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १४६११ व्यवसाय कर | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| ३२१२१ नगद | २७,१३,४६,७०२.०० | ०.०० | ० | २७,१३,४६,७०२.०० |
| जनसहभागिता | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| जम्मा | १,१९,१८,६३,७०२.०० | ३२,९८,१५,७६१.१६ | २७.६७ | ८६,२०,४७,९४०.८४ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२४११ सेवा र परामर्श खर्च | १४,९३,०००.०० | २,०८,१२०.०० | १३.९४ | १२,८४,८८०.०० |
| २२४१९ अन्य सेवा शुल्क | ५,००,०००.०० | ३०,२७२.०० | ६.०५ | ४,६९,७२८.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५२,५०,०००.०० | ७०,०००.०० | १.३३ | ५१,८०,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | १६,२३,८०,३४३.०० | ३,१५,४७,०९२.०० | १९.४३ | १३,०८,३३,२५१.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २६,५०,०००.०० | ४,७६,०८०.०० | १७.९७ | २१,७३,९२०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ९,७८,०००.०० | ०.०० | ० | ९,७८,०००.०० |
| २२६१२ भ्रमण खर्च | १६,८८,०००.०० | ९,१६,५००.०० | ५४.३ | ७,७१,५००.०० |
| २२७११ विविध खर्च | ६८,९३,०००.०० | ३०,८२,४९४.०० | ४४.७२ | ३८,१०,५०६.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २,९२,२०,०००.०० | १,४०,३६,४०२.०० | ४८.०४ | १,५१,८३,५९८.०० |
| २५३१५ अन्य सस्था सहायता | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,००,००,०००.०० | ९९,८१,५८०.०० | ९९.८२ | १८,४२०.०० |
| २७२१३ औषधीखरिद खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २८१४१ जग्गाको भाडा | ७,२६,०००.०० | २,००,०००.०० | २७.५५ | ५,२६,०००.०० |
| २८१४२ घरभाडा | ३५,००,०००.०० | १७,२७,२४५.०० | ४९.३५ | १७,७२,७५५.०० |
| २८१४९ अन्य भाडा | ४,००,०००.०० | ३,६७,०००.०० | ९१.७५ | ३३,०००.०० |
| २८२११ राजस्व फिर्ता | १०,००,०००.०० | ६८,०००.०० | ६.८ | ९,३२,०००.०० |
| पूंजीगत | ६७,२३,७३,३५९.०० | ८,७५,८२,५७०.०० | १३.०३ | ५८,४७,९०,७८९.०० |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | १०,६४,००,०००.०० | ४७,५६,६८२.०० | ४.४७ | १०,१६,४३,३१८.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,५५,५८,६४१.०० | ३८,७८,०६९.०० | १०.९१ | ३,१६,८०,५७२.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| ३११२१ सवारी साधन | १,५६,००,०००.०० | ७१,००,०००.०० | ४५.५१ | ८५,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७४,५९,०००.०० | ९,६९,४७०.०० | १३ | ६४,८९,५३०.०० |

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी
कार्यालयको कोड : ८०५४७४०३३००

आय व्ययको विवरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०७९/१०/१८

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११२३ फर्निचर तथा फिक्चर्स | ५५,७७,७१४.०० | १४,६९,६९४.०० | २६.३५ | ४१,०८,०२०.०० |
| | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १५,००,०००.०० | ९९,७७९.०० | ६.६५ | १४,००,२२१.०० |
| | ३११३५ पूँजीगत परामर्श खर्च | १,४०,०००.०० | ०.०० | ० | १,४०,०००.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | १८,९६,६५,३१०.०० | ३,६६,७९,३०१.०० | १९.३४ | १५,२९,८६,००९.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | २८,००,०००.०० | ०.०० | ० | २८,००,०००.०० |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ८२,०४,०००.०० | २,९९,६८९.०० | ३.६५ | ७९,०४,३११.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | २९,२४,०००.०० | ६,०८,४००.०० | २०.८१ | २३,१५,६००.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | १,२६,५५,०००.०० | १९,५०,०००.०० | १५.४१ | १,०७,०५,०००.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | ३३,५४,०००.०० | ४,८९,१००.०० | १४.५८ | २८,६४,९००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ३,५४,३६,४६५.०० | १६,५९,१७०.०० | ४.६८ | ३,३७,७७,२९५.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | २३,८०,९९,२२९.०० | २,७५,३८,४२६.०० | ११.५७ | २१,०५,६०,८०३.०० |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २०,००,०००.०० | ८४,७९०.०० | ४.२४ | १९,१५,२१०.०० |
| | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| | जम्मा | १,११,१८,६३,७०२.०० | २९,५४,१०,८०३.०३ | २४.७८ | ८९,६४,५२,८९८.९७ |

## ६. सुनवल नगरपालकावाट जारी भएका स्थानीय कानुनहरुको विवरण :

| क्र स | कानुनको नाम |
|---|---|
| १ | सुनवल नगररपालिका नगरसभा संचालन कार्यविधि २०७४ |
| २ | सुनवल नगररपालिका नगर कार्यपालिकाको वैठक संचालन कार्यविधि २०७४ |
| ३ | सुनवल नगररपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ |
| ४ | सुनवल नगररपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ |
| ५ | सुनवल नगररपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ |
| ६ | सुनवल नगरपालिका विनियोजन विद्येयक २०७४ |
| ७ | सुनवल नगरपालिका आर्थिक विद्येयक २०७४ |
| ८ | स्थानीय रावपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५ |
| ९ | सुनवल नगरपालिका न्यायिक समिति( कार्यविधि) सम्वन्धी ऐन २०७५ |
| १० | सुनवल नगरपालिकाको सहकारी ऐन २०७५ |
| ११ | सुनवल नगरपालिकाको वस्ति विकास तथा भवन निर्माणको मापदण्ड २०७५ |
| १२ | सुनवल नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐन २०७५ |
| १३ | सुनवल नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन २०७५ |
| १४ | सुनवल नगरपालिकाको विनियोजन ऐन २०७५ |
| १५ | सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ |
| १६ | सुनवल नगरपालिका शिक्षा नियमावली २०७५ |
| १७ | सुनवल नगरपालिकावाट गरिने वजार अनुगमन निर्देशिका २०७५ |
| १८ | सुनवल नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ |
| १९ | सुनवल नगरपालिकामा करारमा पाविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ |
| २० | सुनवल नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ |
| २१ | सुनवल नगरपालिका आर्थिक ऐन २०७६ |
| २२ | सुनवल नगरपालिका विनियोजन ऐन २०७६ |
| २३ | सुनवल नगरपालिका अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ |
| २४ | सुनवल नगरपालिका प्रशुती गृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ |
| २५ | सुनवल नगरपालिका महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ |
| २६ | सुनवल नगरपालिका शित भण्डार कोष संचालन कार्यविधि २०७५ |
| २७ | सुनवल नगरपालिकाको अमानतवाट नदीजन्य पदार्थ घाटगद्धी तथा विक्रि वितरण समवन्धी कार्यविधि २०७६ |
| २८ | सुनवल नगरपालिकाको सहकारी संस्था एकिकरण सम्वन्धी कार्यविधि २०७६ |
| २९ | सुनवल नगरपालकाको शिक्षा नियमावली ( प्रथम संशोधन) २०७६ |
| ३० | निजी जग्गाको माटो उत्खनन तथा ओसारपसार सम्वन्धी कार्यविधि २०७६ |
| ३१ | पशुसेवा शाखा मागमा आधारित कार्यक्रम संचालन कार्यविधि २०७६ |
| ३२ | पशुस्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ |

| | |
|---|---|
| ३३ | सुनवल नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७६ |
| ३४ | अपांगत परिचयपत्र वितरण (प्रथम संशोधन)कार्यविधि २०७६ |
| ३५ | सुनवल नगरपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी कार्यैविधि २०७६ |
| ३६ | सुनवल नगरपालिका व्यवसाय कर सम्वन्धी कार्यविधि २०७६ |
| ३७ | सुनवल नगरपालिका घर वहालकर व्यवस्थापन सम्वन्धी कार्यविधि २०७६ |
| ३८ | जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७६ |
| ३९ | सुनवल नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७६ |
| ४० | सुनवल नगरपालिका आर्थिक ऐन २०७७ |
| ४१ | सुनवल नगरपालिका विनियोजन ऐन २०७७ |
| ४२ | सुनवल नगरपलिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ |
| ४३ | सुनवल नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातारणीय परिक्षण कार्यविधि २०७७ |
| ४४ | सुनवल नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७ |
| ४५ | सुनवल नगरपालिकाको वालकोष संचालन कार्यविधि २०७७ |
| ४६ | सुनवल नगरपालिकाको वस्ति विकास तथा भवन निर्माण सम्वन्धी ( प्रथम संशोधन) मापदण्ड २०७७ |
| ४७ | सुनवल नगरपालिकाको विद्यालय सम्पत्ति व्यवस्थापन निर्देशिका २०७७ |
| ४८ | सुनवल नगरपालकाको आर्थिक( प्रथम संशोधन) ऐन २०७७ |
| ४९ | सुनवल नगरपालकाको विनियोजन( प्रथम संशोधन) ऐन २०७७ |
| ५० | सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन ऐन, २०७७ |
| ५१ | सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन ऐन, २०७७ |
| ५२ | सुनवल नगरपालिकाको औधोगिक ग्राम व्यवस्थापन ऐन २०७७ |
| ५३ | सुनवल नगरपालिकाको सार्वजनिक नीजि साझेरी ऐन २०७७ |
| ५४ | सुनवल नगरपालिकामा कार्यालय सहयोगी र सवारी चालक सेवा करारमा लिने कार्यविधि २०७८ |
| ५५ | सुनवल नगरपालिाकामा नगर प्रहरीको सेवा करार गर्ने सम्वन्धी कार्यविधि २०७७ |
| ५६ | सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन नियमावली, २०७७ |
| ५७ | आर्थिक ऐन २०७८ |
| ५८ | विनियोजन ऐन २०७८ |
| ५९ | नगर शिक्षा ऐन २०७८ |
| ६० | कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७८ |
| ६१ | सुनवल नगरपालिकाको वालवालिका सम्वन्धी ऐन २०७८ |
| ६२ | सुनवल नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ |
| ६३ | सुनवल नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८ |
| ६४ | सुनवल नगरपालिकाको जलस्रोत ऐन २०७८ |
| ६५ | सुनवल नगरपालिकाको वन ऐन २०७८ |
| ६६ | सुनवल नगरपालिकाको राहत सम्बन्धी मापदण्ड, २०७८ |


| | |
|---|---|
| ६७ | सुनवल नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि २०७८ |
| ६८ | सुनवल नगरपालिकाको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७८ |
| ६९ | सुनवल नगरपालिकाको छात्रवृत्ति तथा विद्यार्थी वस्तुगत सहायता कार्यविधि २०७८ |
| ७० | सुनवल नगरपालिकाको विनियोजन(प्रथम संशोधन) ऐन २०७८ |
| ७१ | सार्वजनिक भवन तथा सभाहल व्यवस्थापन सम्वन्धी कार्यविधि २०७८ |
| ७२ | सुनवल नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि २०७८ |
| ७३ | सुनवल नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि २०७८ |
| ७४ | सुनवल नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि २०७८ |
| ७५ | सुनवल नगरपालिकाको सामाजिक सुरक्षा तथा वस्तुगत सहायता कार्यविधि २०७८ |

७. सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को स्वमूल्यांकनको नतिजा ( गुणस्तर परिक्षण हुन बाँकी) :

७.१ स्वमूल्यांकन नतिजा माकुरी तथ्यांकमा :

| क्र स | शिर्षक | प्राप्ताङ्क |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | 8 |
| २ | संगठन तथा प्रशासन | 4.5 |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | 6 |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | 8 |
| ५ | सेवा प्रवाह | 11 |
| ६ | न्यायिक कार्य सम्पादन | 6 |
| ७ | भौतिक पूर्वाधार | 10.25 |
| ८ | सामाजिक समावेशीकरण | 5 |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | 6.5 |
| १० | सहकार्य र समन्वय | 6 |
| जम्मा | | 71.25 |

७.२ स्वमूल्यांकन नतिजा माकुरी जालोमा :



सम्पर्क :
सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी(वर्दघाट सुस्ता पश्चिम)
फोन नं. ०७८ ५७०११०
इमेल : info@sunwalmun.gov.np
वेभसाइट : www.sunwalmun.gov.np

नगर प्रमुख
श्री विमला अर्याल
सम्पर्क नं.: ९८५७०४८१०२

नगर उपप्रमुख
श्री सूर्य प्रसाद दुवे
सम्पर्क नं.: ९८५७०४८१०३

प्रमुख प्रशासकीय अधिकृत
श्री भक्तिराम मरासिनी
सम्पर्क नं. : ९८५७६३८१११

सूचना अधिकारी
श्री मोहनराज ज्ञवाली
सम्पर्क नं. ९८५७०४५६५४
इमेल : suchanaadhikari@sunwalmun.gov.np
mohan.gyawalig@gmail.com